# सिसम-२ अपडेट

विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना (सिसम-२)

फागुन २०७०, अङ्क-१

## यस अङ्क भित्र

१. विभागीय सन्देश
(डा. लवदेव अवस्थी, महानिर्देशक शिक्षा विभाग)

२. SISM2 को रुपरेखा
(डा. योको इसिदा, टोलीप्रमुख SISM 2)

३. केन्द्रीय र जिल्लास्तरमा प्रशिक्षक प्रशिक्षण (विष्णु प्रसाद आचार्य, प्रमुख परियोजना अधिकृत SISM 2)

४. आधारभूत सर्वेक्षण
(कोजी सातो, उपप्रमुख SISM 2)

५. विगतमा सम्पन्न भएका र आगामी दिनका क्रियाकालापहरू





## विभागीय सन्देश

*डा. लवदेव अवस्थी*
*महानिर्देशक, शिक्षा विभाग*



नेपाल सरकार शैक्षिक क्षेत्रमा बिभिन्न नीात निर्माण एवं कार्यान्वयन रणनीति जारी गरी बाल-बालिकाहरूको आधारभूत शिक्षामा पहुँच र गुणस्तरको विकासमा हरसम्भव प्रयासमा निरन्तर लागि परिरहेको छ ।

वि.स.२०६५ देखि विद्यालय क्षेत्र सुधार योजनाले विशेष गरी सीमान्तकृत एवं पछाडि पारेका समुदायका बाल-बालिकाहरूको गुणस्तरीय शिक्षालाई लक्षित गरी विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आईरहेको छ । यसले विद्यालय र समुदायहरूको सक्रिय सहभागिताको आवश्यकतालाई जोड दिई लक्षित उद्देश्य हासिल गर्न शैक्षिक कार्यक्रहरूको योजना तर्जुमा, कार्यान्वयन एवं अनुगमनमा सुधार ल्याउने जमर्को गरेको छ ।

यस विद्यालय क्षेत्र सुधार योजनाको कार्यान्वयनअघि शिक्षा विभागले जेठ २०६५ देखि पुस २०६८ सम्म जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA)को प्राविधिक सहायतामा "विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना" सञ्चालन गरेको थियो । धादिङ र रसुवामा परीक्षणको रूपमा सञ्चालित यस परियोजनाले समुदायकै सहभागितामा विद्यालय सुधार योजनाको माध्यमबाट विद्यालयको व्यवस्थापनमा उलेख्य प्रगति हासिल गरेको थियो । यस उपलब्धिलाई मध्यनजर गर्दै शिक्षा विभागले गत श्रावण २०७० मा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA)को प्राविधिक सहयोगमा "विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना" दोस्रो चरण (SISM2)सञ्चालन गर्दैआई रहेको छ ।

यस परियोजनाले समुदायको संलग्नतामा विद्यालय सुधार योजना प्रक्रियाको माध्यमबाट विद्यालय क्षेत्र सुधार योजनाको परिलक्षित उद्देश्य प्राप्त गर्न केन्द्रदेखि विद्यालयसम्मका विभिन्न सरोकारवालाहरूको क्षमता अभिवृद्धि कार्यक्रमलाई रणनीतिको रूपमा लिएको छ । यस परियोजनाले समुदायमा आधारित विद्यालय व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका निरन्तर एवं सजिलै अवलम्बन गर्न सिकने मोडलहरूको विकास गरी त्यसको प्रबोधीकरण गर्दै जाने छ ।

हामी "विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना" दोस्रो चरण (SISM2) को सफल कार्यान्वयनबाट विद्यालय सुधार योजनाद्वारा विभिन्न तहका सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरी बाल-बालिकाहरूको आधारभूत शिक्षाको पहुँचको लागि प्रतिबद्ध रहने छौं ।

# सिसम-२ परियोजनाः एक चिनारी

*डा. योको इसिदा*
*टोलीप्रमुख, सिसम-२*

**हाम्रा बाल-बालिकाहरू लागि विद्यालय सुधार योजनाको प्रयोगबाट राष्ट्रव्यापी रूपमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई पुर्नताजगी (Revitalize) गरौं ।**

नमस्ते, म योको इसिदा, सिसम-२ को टोलीप्रमुख । सिसम-२ परियोजनाको कार्यक्रम, प्रगति एवं अन्य गतिविधिहरूको बारे यस पत्रिकाको पहिलो अङ्क मार्फत यहाँहरू सबैलाई जानकारी गराउने मौका पाउँदा मलाई धेरै खुसी लागेको छ ।

**सिसम चरण १** : नेपालमा धेरै मानिसहरू शिक्षा क्षेत्रमा संलग्न छन् । मलाई आशा छ, यहाँहरूलाई अवगत नै छ कि सिसम परियोजनाले जापान अन्तर्राष्ट्रिय सहयोग नियोगको प्राविधिक सहयोगमा शिक्षा मन्त्रालय र शिक्षा विभागद्वारा विद्यालय सुधार योजना तर्जुमा, अध्यावधिक र कार्यान्वयनका अतिरिक्त विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ एवं स्थानीय शिक्षा अधिकारीहरूलाई फेब्रुअरी २००८ देखि फेब्रुअरी २०११ सम्मको तीन वर्षको अवधिमा क्षमता विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको थियो । सिसम परियोजनाको पहिलो चरण धादिङ र रसुवामा जिल्लाहरूमा लक्षित गरिएका थिए ।

**सिसम मोडेल --** सिसम परियोजनाको पहिलो चरणमा प्राप्त उपलब्धि, सिकाइ तथा सवालहरूबाट विकसित "सिसम मोडल" लाई विद्यालय व्यवस्थापनको क्षमता विकासका लागि एक सशक्त विधिको रूपमा परिचालन गरीएको छ जसको मुख्य गतिविधिहरू निम्नाअनुसारका छन् ।

| प्रारुप १ | विद्यालयसँग सम्बन्धित तालिम तथा कार्यशाला गोष्ठी |
|---|---|

- विद्यालय सुधारका योजनाको लागि विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघका पदाधिकारीहरूको तालिम, कार्यशाला सञ्चालन र सामग्री निर्माण र प्रयोग ।

| प्रारुप २ | : शिक्षा क्षेत्रममा कार्यरत कर्मचारीहरूलाई प्रशिक्षक प्रशिक्षण । |
|---|---|

- विद्यालय सुधार योजना तर्जुमा, अध्यावधिक एवं कार्यान्वयनमा विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघकका पदाधिकारीहरूलाई सघाउन केन्द्रीय र स्थानीयस्तरमा शिक्षा क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई तहगत प्रशिक्षक प्रशिक्षण मोडल र सामग्रीको विकास ।

| प्रारुप ३ | : शिक्षा क्षेत्रमा कार्यरत कर्मचारीहरूद्वारा अनुगमन र मार्ग निर्देशन । |
|---|---|

- विद्यालय सुधार योजना तर्जुमा, अध्यावधिक एवं सफल कार्यान्यवयन मा विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघकका पदाधिकारीहरूलाई सघाउन आवश्यक अनुगमन प्रणाली र प्रतिवेदन फारमको विकास ।

सिसम परियोजनाको पहिलो चरणको उपलब्धिका आधारमा शिक्षा विभागले सन् २०१२ मा विद्यालय सुधार योजना निर्माणको सहयोगी पुस्तिका तयार गरी सम्बन्धित जिल्ला तथा विद्यालयहरूमा व्यापक रूपमा वितरण गरीएको थियो ।

**सिसम चरण २ --** शिक्षा विभागको विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघको क्षमता अभिबृद्धिसँग सम्बन्धित गतिविधिहरूको प्रबोधीकरण र अभ्यासमा थप बल पुऱ्याउन गत जुन २०१३ मा सिसम-२ परियोजनाको सुरूवात भएको थियो । यस परियोजनाको अवधि जुन २०१३ देखि डिसेम्वर २०१६ सम्म गरी तीन वर्ष छ महिना रहेको छ । सिसम-२ परियोजना जापान अन्तर्राष्ट्रिय सहायोग नियोग (जाइका)को प्राविधिक सहयोगमा २०१३ देखि शिक्षा मन्त्रालय, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्रद्वारा कार्यान्वयन गरीएको छ ।

**सिसम-२ समय तालिका --**तल उल्लेखित तालिकामा देखाइए अनुसार सिसम मोडलको अध्यावधिक पछि सिसम-२ परियोजनाले "सिसम मोडल" को परीक्षण गर्ने छ । यस परीक्षण कार्य सोलुखुम्बु, रूपन्देही, जुम्ला र डोटीमा गरी चार जिल्लाहरूमा सञ्चालन गरींदै छ । यहि मार्च २०१४ मा धादिङ र रसुवामा फलो अपका गतिविधिहरूको योजना पनि बनाएको छ । सिसम परियोजनाको दोस्रो र तेस्रो वर्षमा, राष्ट्रिय/क्षेत्रीयस्तरमा "सिसम मोडल" को प्रबोधीकरण गरी अभियानकै रूपमा कार्यक्रमलाई विस्तार गरीने छ ।

| परियोजना वर्ष | अवधि | मुख्य कार्यक्रमहरू |
|---|---|---|
| **परियोजनाको पहिलो वर्ष** | जुन, २०१३–जुलाइ, २०१४ | - सिसम मोडल अद्यावधिक<br>- सिसम मोडल परीक्षण<br>- आधारभूत सर्वेक्षण परिणामको प्रबोधीकरण |
| **परियोजनाको दोस्रो वर्ष** | अगस्ट, २०१४–जुलाइ, २०१५ | - क्षेत्रीय/राष्ट्रिय रूपमा योजनाको प्रवोधीकरण |
| **परियोजनाको तेस्रो वर्ष** | अगस्ट, २०१५–डिसेम्वर, २०१६ | - क्षेत्रीय/राष्ट्रिय रूपमा योजनाको प्रवोधीकरण<br>- अन्तिम सर्वेक्षणमा प्रवोधीकरण<br>- सिफारिस तथा समापन गर्ने |

नेपालमा बाल-बालिकाहरूका लागि सिसम-२ को लक्ष्य "विद्यार्थीहरूको आधारभूत शिक्षामा पँहुच र गुणस्तरमा सुधार"को लागि राष्ट्रव्यापी रूपमा विद्यालय सुधार योजना प्रक्रियाद्वारा सिसम-२ टोलीका सबै सदस्यहरूले विद्यालय, समुदाय, जिल्ला, गाविस एवं अन्य केन्द्रस्तरको सरोकारवालाहरूसँग हरसम्भव प्रयासमा निरन्तर लागिपरिरहेका छन् ।



# विद्यालय सुधार योजना अध्यावधिक र अनुगमनको लागि तहगत प्रशिक्षक प्रशिक्षण - केन्द्रीय र जिल्लास्तरीय

*विष्णु प्रसाद आचार्य*
*प्रमुख परियोजना अधिकृत*

सिसम-२ परियोजनाले १) केन्द्रीयस्तरीय प्रशिक्षक प्रशिक्षण, २) जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण ३) स्रोतकेन्द्रस्तरीय तालिम जुन प्रत्येक विद्यालयको, विद्यालय सुधार योजना निर्माणमा समितिको प्रमुख पदाधिकारीहरूको लागि र ४) विद्यालयमा विद्यालय सुधार योजना निर्माणको लागि विद्यालयस्तरीय कार्यशाला गरी चार तहको तहगत (Cascade) तालिम सञ्चालन गर्ने योजना बनाएको छ ।




*सानोठिमीमा सञ्चालित केन्द्रस्तरीय तालिम, मंसिर २०७०*

यस तहगत तालिमको पहिलो चरणमा विद्यालय सुधार योजना अध्यावधिक र अनुगमन गर्नको लागि यस परियोजनाले गत २०७० मसिंर १६-२० गते तदनुसार सन २०१३ डिसेम्बर १-५ सम्म पाँच दिने केन्द्रीयस्तरको प्रशिक्षक प्रशिक्षण शैक्षिक जनशक्ति विकास केन्द, सानोठिमी भक्तपुरमा सञ्चालन गरेको थियो । यसको मुख्य उद्देश्य विद्यालय सुधार योजना मार्फत विद्यालय व्यवस्थापनमा सुधार गर्न जिल्लातहमा सञ्चालन गरिने प्रशिक्षक प्रशिक्षणको लागि प्रशिक्षक टोली तयार गर्नु रहेको थियो ।

यस तालिममा २९ पुरूष र २ महिला गरी जम्मा ३१ सहभागीहरूले भाग लिएकोमा १ जना शिक्षा मन्त्रालय, २ जना शिक्षा विभाग, २ जना शैक्षिक जनशक्ति विकास केन्द्र, २ जना पाठ्यक्रम विकास केन्द, ५ जना क्षेत्रीय शिक्षा निर्देशनालय, ४ जना शैक्षिक प्रशिक्षण केन्द्र, १२ जना चार परीक्षण जिल्ला (सोलुखुम्वु, रूपन्देही, जुम्ला र डोटी) का जिल्ला शिक्षा कार्यालय, २ जना फलो अप जिल्ला (रसुवा र धादिङ्ग) का जिल्ला शिक्षा कार्यालय र २ जना अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सहभागी भएका थिए । यस केन्द्रीयस्तरको प्रशिक्षक प्रशिक्षणमा शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द, शैक्षिक जनशक्ति विकास केन्द्र, जाइका/सिसम-२ र राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाका सहजकर्ताहरूले प्रशिक्षण गर्नु भएको थियो सहभागीहरूलाई सिसम-२ को अवधारण, उद्देश्य र कार्यान्वयन प्रक्रिया प्रष्ट गरी बुझाउन र केन्द्रीयस्तरमा प्रशिक्षक प्रशिक्षणबाट अपेक्षित परिणाम हासिल गर्न पूर्णरूपमा सफल भई तालिमका सहभागीहरू सिसम-२ का लक्षित जिल्लाहरूमा तहगत तालिम सञ्चालन गर्न तयार भएका थिए ।



*रुपन्देहीमा सञ्चालित जिल्ला स्तरीय तालिम, पुस २०७०*

यस तिलिमको दोस्रो चरणमा प्रत्येक ४ परीक्षण जिल्लामा ५ दिने जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण आयोजना गरियो । उक्त प्रशिक्षणमा केन्द्रीयस्तरबाट शिक्षा विभाग/शैक्षिक जनशक्ति विकास केन्द्र/पाठ्यक्रम विकास केन्द्र तथा क्षेत्रीय शिक्षा निर्देशनालयका केन्द्रीयस्तरको प्रशिक्षक प्रशिक्षणका प्रशिक्षक एवं सहभागीहरूको सहयोगमा जिल्लास्तरीय प्रशिक्षक टोलीद्वारा सहजीकरण गरिएको थियो । यस प्रशिक्षक प्रशिक्षण कार्यक्रममा उपसचिव, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, जिल्ला शिक्षा कार्यलयबाट छानिएका प्रधानाध्यापक र गैरसरकारी संस्थाका केहि सदस्यहरू सहभागी भएका थिए । जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षणका प्रमुख उपलब्धिहरू निम्नाअनुसार छन् :

१) यस जिल्ला-तहका उपलब्धिबाट प्रशिक्षक प्रशिक्षण तालिममा जिल्लास्तरमा कार्यरत कर्मचारीहरू विद्यालय सुधार योजनका अवधारणा, निर्माण प्रक्रिया, औचित्यहरू आदि परिमार्जित भई सहभागीहरूमा पुर्नताजगी प्राप्त भएको छ ।

२) ४ जिल्लाका सबै स्रोतव्यक्तिहरूले आफ्नो लक्षित स्रोतकेन्द्रहरूमा ३ दिने स्रोतकेन्द्रस्तरीय तालिम सञ्चालन गर्न तत्पर भएका छन् । उनीहरूले सोलुखुम्बु-२७, रूपन्देही-३४, डोटी-३४, र जुम्ला-१५ गरी कूल ११० समूहमा स्रोतकेन्द्रस्तरीय तालिमको योजना तयार गरेका थिए ।

३) अप्रिल,२०१४ को अन्तसम्म विद्यालय तहको कार्यशाला पूरा गर्न र मे, २०१४ को अन्तसम्ममा सबै विद्यालयहरू विद्यालय सुधार योजना अध्यावधिक गरी संकलन गर्ने कुरामा सबै स्रोतव्यक्तिहरूले पूर्ण प्रतिबद्धता व्यक्त गरेका छन् ।

**जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षणका सहभागीहरूको तालिका तल प्रस्तुत गरिएको छ ।**

| जिल्ला | मिति | सहभागीहरूको संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | उ.स/वि.नि | स्रो.व्य./प्र.अ. | गैसस | अन्य | जम्मा |
| डोटी | २९/१२/२०१३ - ०२/०१/२०१४ | ३ | १७ | ५ | २ | २७ |
| रूपन्देही | २९/१२/२०१३ - ०२/०१/२०१४ | ६ | १० | ४ | २ | २२ |
| सोलुखुम्बु | ०७/०२/२०१४- ११/०२/२०१४ | - | १४ | ५ | - | १९ |
| जुम्ला | २४/०२/२०१४- २८/०२/२०१४ | २ | १४ | ४ | - | २० |
| जम्मा | | ११ | ५५ | १८ | ४ | ८८ |

## आधारभूत सर्वेक्षण (Baseline Survey) को प्रारम्भिक जानकारी

*कोजी सातो,*
*उपप्रमुख, सिसम-२*




यस विद्यालय व्यवस्थापनमा सुधार सहयोग (सिसम-२) परियोजनाले पहिलो वर्षको कार्यक्रम अन्तर्गत गत जेष्ठ महिनामा आधारभूत सर्वेक्षण गरेको थियो । परियोजना सञ्चालन भएका सोलुखुम्बु, रूपन्देही, जुम्ला र डोटीमा परिक्षण (Testing district) को रूपमा; संखुवासभा, कपिलवस्तु, कालिकोट र डडेलधुरामा नियन्त्रण (Control district) को रूपमा तथा धादिङ र रसुवामा फलोअप (Follow-up district) का रूपमा गरी जम्मा १० जिल्लाका २०० विद्यालयमा उक्त सर्वेक्षण गरिएको थियो । जसको प्रारम्भिक परिणाम निम्नअनुसार रहेको छ ।

### बार्षिक विद्यालय सुधार योजनाका निर्माण

| | २०७० | २०६९ | २०६८ वा अघि | थाहा छैन | जम्मा |
|---|---|---|---|---|---|
| औसतमा | ५४ % | २४ % | १८ % | ४ % | १०० % |

माथिको तथ्याङक्ले परियोजना लागू भएका जिल्लाका २०० विद्यालयहरूमा ५४% ले वार्षिक रूपमा विद्यालय सुधार योजना तयार गरिएको देखाएको छ भने ४६% विद्यालय सुधार योजना तयार नगरेको देखाउँछ । यस नतिजाले धेरैजसो विद्यालयहरूलाई विद्यालय सुधार योजना वार्षिक रूपमा प्रत्येक वर्ष तयार गर्ने वा ५ वर्षमा एक पटक तयार गर्ने भन्नेवारे दुविधा रहेको देखाउँछ ।

### विद्यालयप्रतिको धारणा

विद्यार्थीहरूलाई विद्यालय तपाईको विचारमा कस्तो छ भनि सोधिएको प्रश्नको जवाफमा निम्नअनुसारको उत्तर प्राप्त भएको थियो ।

| आमाको सम्बन्धजस्तो | बुबाको सम्बन्धजस्तो | दाजुभाई/दिदीबहिनीको सम्बन्धजस्तो | साथि भाईका सम्बन्धजस्तो | जम्मा |
|---|---|---|---|---|
| १६.० % | ३२.५ % | १३.० % | ३८.५ % | १०० % |

यस तथ्याङ्कले एक चाख लाग्दो तथ्य उजागर गरेको पाइयो । प्रायजसो विद्यार्थीहरूले विद्यालयलाई आमाको माया र ममतासँग तुलना गरेको देखाउँछ । यद्यपि केहि विद्यार्थीहरूले विद्यालयलाई साथिभाइको सम्बन्धसँग तुलना गरिएको देखाएका छन् । यसबाट यो निर्क्यौल गर्न सकिन्छ कि विद्यार्थीहरूको लागि विद्यालय आफ्ना साथी वा संगीहरूको सम्बन्धजस्तै प्रगाढ रहेको देखाउँछ ।

## विगतमा सम्पन्न भएका गतिविधिहरू(जेठ-फागुन २०७०)

| संख्या. | क्रियाकलापहरू | महिना | स्थान |
|---|---|---|---|
| १ | पहिलो समन्वय समिति बैठक | असार, २०७० | शिक्षा विभाग, सानोठिमी |
| २ | पहिलो प्राविधिक कार्यदल टोलीको बैठक | असार, २०७० | शिक्षा विभाग, सानोठिमी |
| ३ | दोस्रो प्राविधिक कार्यदल टोलीको बैठक | साउन, २०७० | शिक्षा विभाग, सानोठिमी |
| ४ | SISM2 अभिमूखिकरण बैठक | साउन, २०७० | शिक्षा विभाग, सानोठिमी |
| ५ | आधारभूत सर्वेक्षण | साउन-असोज, २०७० | विभिन्न १० जिल्लाहरूमा |
| ६ | तेस्रो प्राविधिक कार्यदल टोलीकोबैठक | असोज, २०७० | पाटन, ललितपुर |
| ७ | केन्द्रीयस्तरको प्रशिक्षक प्रशिक्षण | मंसिर, २०७० | शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी |
| ८ | जिल्लास्तरको प्रशिक्षक प्रशिक्षण | पुस, २०७० | डोटी र रूपन्देही |
| ९ | स्रोतकेन्द्रस्तरको तालिम | पुस-माघ, २०७० | डोटी र रूपन्देही |
| १० | जिल्लास्तरको प्रशिक्षक प्रशिक्षण | माघ-फागुन, २०७० | सोलुखुम्बु र जुम्ला |

## आगामी गतिविधिहरू (फागुन २०७० -बैशाख २०७१)

| संख्या. | क्रियाकलापहरू | महिना | स्थान |
|---|---|---|---|
| १ | स्रोतकेन्द्रस्तरको तालिम | फागुण, २०२७ | सोलुखुम्बु र जुम्ला |
| २ | विद्यालय सुधार योजना तर्जुमा र अध्यावधिकको लागि विद्यालय-स्तर कार्यशाला | माघ-चैत, २०७० | डोटी, रूपन्देही, सोलुखुम्बु र जुम्ला |
| ३ | चौथो प्राविधिक कार्यदल टोली बैठक | फागुन, २०७० | शिक्षा विभाग, सानोठिमी |
| ४ | फलोअपको गतिविधि | फागुन, २०७० | धादिङ र रसुवा |
| ५ | अन्तिम सर्वेक्षण | चैत-जेठ, २०७० | विभिन्न १० जिल्लाहरूमा |